# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
गुलरिया नगरपालिका,
वर्दिया ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट गुलरिया नगरपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१० करोड ८७ लाख ५५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६३ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६३ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४८ लाख ८ हजार र पेश्की रु.७ करोड १२ लाख १७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।११ मा जारी गरिएको लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाबाट बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १८ (अठार) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# गुलरिया नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने यस नगरपालिकाको स्थापना २०५३ साल माघमा भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । प्रदेश नम्बर ५ मा अवस्थित यो नगरपालिका अर्न्तगत १२ वडा, ६६ सभा सदस्य, ११९ व.कि.मी. क्षेत्रफल र ७०००० जनसंख्या रहेको छ ।तत्कालीन गुलरिया, मथुराहदरवार, साविक मोहम्मदपुर गा.वि.स. र खैरापुर गा.वि.स.लाई मिलाएर वि.स.२०७३ सालमा गुलरिया नगरपालिकाको कार्यक्षेत्र वृद्धि भएको हो । यो नगरपालिका समुद्र सतहदेखि १४५ मिटर उचाईमा रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २९६३६१७६.७९ | १ | **चालु खर्च** | | ५४९४९४४५६.८६ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १४८८८९०१.०० |
| | ख) बैंक | २९६३६१७६.७९ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | २३५६४०६८.८४ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २३१९८०८४.४२ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ३६५९८४.४२ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | ३१५६५४०००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | १९५९६४०००.०० | | अन्य लगानी | | |
| | ग) को.ले.नि.का.बाट निकासा | | ९३०८५०००.०० | ५ | **धरौटी फिर्ता** | | १६३२३२८.०० |
| | घ) सडक वोर्ड | | १२१५६६५७.०० | ६ | **कोष खर्च** | | २०४२३४०९४.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | १३०६८९४३९.७४ |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात ने.वि.ल. | ७६०६८८७०.६३ | |
| | ग) समपूरक अनुदान | | | | ग)बैंक मौज्दात रा.व.वैंक | | |
| | घ) विशेष अनुदान | | | | घ) को.ले.नि.का. फिर्ता | २९६०७६७४.१४ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | ङ)धरौटी बाँकी | ८०२८७२७.६६ | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | च)मौज्दात (कोष) | १६९८४१६७.३१ | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | २११२१८२९१.३० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | | ९६९१०५५.६६ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | **९००९३९२४९.६०** | | **जम्मा** | | **९००९३९२४९.६०** |

**लेखापरीक्षणको प्रतिवेदन :**

| दफा नं. | भौ.नं. मिति, व्यहोरा | वेरुजु रकम रु. |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण व्यवस्था :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा गाउँपालिकाले आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने र अन्य नियमहरु अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले एकीकृत पेश्की बाँकीको विवरण तयार नगरेको,कार्यालयको दरबन्दी विवरण अद्यावधिक नगरेको,नियम ९१ अनुसारको वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोरा कार्यान्वयन नगरेको,सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले निरीक्षण गरेको नदेखिएको,भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमण अभिलेख खाता र फर्केपछि भ्रमण प्रतिवेदन दिने नगरेको,निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको,प्रक्षेपण अनुसार आन्तरिक आय उठन नसकेको,मूल्य नखुलेका १५ थान हाते सिलाई मेसिन प्रयोगविहिन अवस्थामा रहेको,सटर भाडामा (विगत ३ वर्षदेखि) वोलपत्र नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ अनुसार वार्षिक प्रगति अनुसूचि २ वमोजिमको ढाँचामा तयार नगरेको अवस्था छ ।<br>“घ” वर्गाको ९८ थान ठेक्का इजाजत पत्रको नवीकरण दस्तुर प्राप्ति लगायतको अभिलेख व्यवस्थित नगरेको,वडागत रुपमा उठाउने शुल्क, दस्तुर तथा करलाई सोझै वैंकमा जम्मा नगरी नगरपालिकामा नगदै बुझाउने व्यवस्था गरेको तथा नगरपालिकाको राजश्व शाखाले सोको वडागत प्रविष्टि तयार नगर्दा समग्रमा उठेको तथा दाखिला भएको राजश्व एकीन नगरेको,नगरस्तरीय योजनाको लागि विनियोजित रु. १३ करोड ९ लाख ९१ हजार मध्ये विभिन्न क्षेत्रमा आवश्यकताको आधारमा पछि निर्णय गर्ने भनी मूल कोषमा बाँकी (अवण्डा) मा रु. २ करोड राखेको,अर्थ मन्त्रालयको स्वीकृति बेगर सवारी साधन स्करपियो गाडी रु. ५९ लाख ९५ हजार खरिद गरेको, न्यायिक समितिमा २५ मुद्धा परेकोमा १० को टुंगो लगाउन बाँकी छ ।<br>नगरपालिकामा २३ प्रकारका पदको दरबन्दी ७५ मध्ये २६ को मात्र पदपूर्ति भएको, नगरपालिकाको लगतमा २ थान दमकल मध्ये १ थान द्वन्दमा नष्ट भएकोमा मिन्हा नगरेको,आन्तरिक आयका थप स्रोत पहिचान गर्न नसकेको, कोटही ताल, कृष्णसार ताल, सर्जु नदी खण्ड २, भगहर ताल लगायतका तालको भरपुर उपायोग गरी भगहर ४ को पशुहाट बजार बबई नदीको छेउमा परी कटान भएकोले तारवार वाउण्ड्री, खानेपानीको व्यवस्था, टहरा तथा शौचालय निर्माण गरी आन्तरिक आय मजबुत बनाउनुपर्ने, कार्यालयको अभिलेख प्रणालीलाई समयवद्ध बनाउन वित्तीय सूचना प्रणालीलाई पूर्ण रुपमा उपयोग नगरेको अवस्था देदिएको छ ।उल्लिखित व्यहोरालाई कार्यालय प्रमुखले सम्बोधन गरी कार्यालय तथा कार्यक्रम संचालन गर्नुपर्दछ । | |
| २. | **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु.२४ करोड ६० लाख २३ हजारको पूँजिगत खर्च गरेको छ । नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः नगरपालिकाले कानून बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३. | **बजेट पारित -** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रत्येक आर्थिक वर्षको नीति, वजेट तथा कार्यक्रम आश्विन १० भित्र पारित गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.व. २०७४।७५ को नीति, वजेट तथा कार्यक्रम २०७४ कार्तिक ६ गते मात्र पारित भएको छ । ऐनमा भएको व्यवस्था वमोजिम समयमा वजेट पारित गरी कार्यक्रम संचालन गर्नुपर्दछ । | |
| ४. | **सेवाप्रवाह–** सुशासन (व्यवस्थापनतथा संचालन) ऐन, २०६४को दफा २५ मा सर्वसाधारणलाई सेवाप्रदानगर्ने वाजनसम्पर्क कायमगर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमाकार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवाप्राप्तगर्न पूरा गर्नुपर्ने कार्यविधि, सेवाप्रदानगर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवाप्रदान गर्न लाग्ने समयावधि र सेवाप्राप्तगर्न कुनै दस्तुर तथाअन्य रकमलाग्ने भए सोको विवरण,खुलाई नागरिक बडापत्र राख्नुपर्ने र सो वमोजिम सेवाप्रदान गरेको अभिलेख राख्नुपर्ने व्यवस्था छ । नगरपालिका र मातहतका निकायमा ७५ दरवन्दी रहेकोमा ४९ को पदपूर्ति नभएकोलेस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय तहको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा | |

| | | |
|---|---|---|
| | सीमित जनशक्ति र पूर्वाधारका कारण सेवाप्रवाह प्रभावकारी हुन सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ५. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा विद्युतीय माध्यमबाट राख्नुपर्ने व्यवस्था छ । कार्यालयले साङ्ग्रीला माइक्रो सिष्टम प्रा.लि. ललितपुरबाट २०६८।४।१ मा आयलेखाको लागि मात्र रु. १३२,५००।०० र सोही बरावरको रकम एकीकृत सम्पति कर लेखाको लागि सफ्टवेयर तयार गरी हाल दुवैको लागि वार्षिक रु. ५९,८९०।०० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुमा एक/एक कम्प्युटरमा मात्र खरिद भएका दुई सफ्टवेयर राखेको, नेटवर्किङ नगरेका कारण वडाहरुले राजश्व शाखामा आई रकम जम्मा गर्ने गरेको, वडाहरुले आफ्नो आन्तरिक आय सोझै बैंकमा जम्मा गर्ने नगरेको,वडाले राजश्व शाखामा बुझाएको रकम र वास्तवमा उठेको रकमसंग तुलना गर्ने पद्धतिको अभाव रहेको,राजश्वमा प्रयोग भएको सफ्टवेयरले वडागत प्रतिवेदन नदिने,नगरपालिकाका १२ वटै वडामा उल्लेखित दुई सफ्टवेयर प्रयोग गरेको देखिएन ।निशुल्क रुपमा उपलव्ध भएको सूत्र (SuTRA) कार्यालयले प्रयोग गरेको छैन । राजश्व असुली (आयलेखा र एकीकृत सम्पति कर) प्रयोगमा ल्याएको सफ्टवेयरले आयलाई यर्थाथपरक भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतीय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विश्वसनियता परीक्षण गरी सम्वन्धित निकायबाट स्वीकृति समेत लिएको नदेखिएको तथा SuTRA प्रयोग नगरेकोले नगरपालिकाको आय-व्ययको हिसावमा एकरुपता, तुलनायोग्यता तथा यथार्थपरक छ भनी विश्वस्त हुन सकिएन । यसमा आवश्यक सुधार गरी विद्युतीय लेखाको उपयोग गर्नुपर्दछ । | |
| ६. | **सम्पत्ति हस्तान्तरण** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने र सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत व्यवस्थित रुपमा तयार नगरेको,सम्पति हस्तान्तरण २०७३ पछि गाभिएका साविक मोहम्मदपुर गाविसकावडामा नभएकोदेखिएको छ । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ७. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएको साविकको मोहम्मदपुरगाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन । उल्लिखितव्यवस्थाको पूर्ण कार्यान्वयन गर्नुपर्दछ । | |
| ८. | **राजश्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजश्व लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले विगत २० वर्षदेखि समेतका देहायका ठेक्काको राजश्व असुली गरेको देखिएन । समयमा राजश्व उठाउन तदारुकता नदेखाउने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त राजश्वमा १० प्रतिशत सुद, शुल्क, दस्तुर, जरिवाना सहित असुल गर्नुपर्ने रु.... | ५७८४४६४.०० |

| ठेकेदारको नाम | ठेक्का विवरण | आर्थिक वर्ष | साविक बक्यौता रु. | सुद सहितको रकम |
|---|---|---|---|---|
| बदलु गद्धीको छोरा श्री अव्दुल रहमान गद्धी | पशु हाटबजार | २०५४/५५ | ६५४४६०.०० | ४४०२८८०.०० |
| श्री राजेन्द्र कुमार यादव | पशु हाटबजार | २०५६/५७ | १५६४५२.५० | ७९०७८७.०० |
| श्री श्याम पन्त | माछा, सर्जु नदी खण्ड २ | २०५४/५५ | १३१३४४.०० | ५४८६५६.०० |
| श्री हरिप्रसाद पासी | अस्थायी पसल कर असुली | २०६१/६२ | ११०९७.०० | ४२१४१.०० |
| | जम्मा | | ९५३३५३.५० | ५७८४४६४.०० |

| | | |
|---|---|---|
| ९. | **उपभोक्ता समिति दर्ता :** सस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार संस्था बिधान सहित दर्ता नभएमा कानूनी मान्यता दिन नमिल्ने व्यवस्था छ । कार्यालयले यसवर्ष संझौता गरेका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समितिगठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवारबनाउन कठिनाई हुने स्थिति विद्यमान रहेको | |

| | | |
|---|---|---|
| | पाइयो । स्थायी सयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको व्यवस्थापन गर्नुपर्दछ । | |
| १०. | **सोलार बत्ती** (भौ.न ०२ मिति २०७५।०३।१) :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ ।सीमा विकास कार्यक्रम अन्तर्गत वडा नम्बर ०६ मा सोलार वत्ती जडान गर्न उपभोक्ता समितिसँग मिति २०७४।११।२३ मा रु.२८,२७,९६०।०० लागत अनुमान गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ता समितिले उक्त काम काठमाडौ इनर्जी प्रा.लि. बाट गराई काठमाडौ इनर्जी प्रा.लि.लाई एकमुष्ट मू.अ.कर सहित २८२४००८।८० भुक्तानी दिएको देखिन्छ । उपभोक्ता समितिको प्रत्यक्ष योगदान नहुने तथा जटिल प्राविधिक प्रकृतिको काम समेत उपभोक्ता समितिबाट गराई प्रतिस्पर्धाबाट सार्वजनिक निर्माण गर्नुपर्नेमा प्रतिस्पार्धालाई सीमित पारेको देखिन्छ । श्रममुलक तथा उपभोक्ताको योगदान प्रत्यक्ष रुपमा देखिने तथा स्थानीय श्रम, सीप र स्रोत साधनको प्रयोग हुने प्रकृतिको काममा उपभोक्ता समितिबाट गर्दा वढी प्रभावकरी र उपलब्धिमूलक हुनेहुँदा सोही प्रकृतिको कार्यक्रम उपभोक्तामार्फत गर्नुपर्दछ । | |
| ११. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापूर्वक संचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| १२. | **वजेट भन्दा वढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत वजेट सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । सुशासन तथा सामुदायिक विकास कार्यक्रममा चालु खर्च शीर्षकमा यस वर्ष रु.१८७३८७५।०० वजेट विनियोजन गरेकोमा यस नगरपालिका अन्तरगत १४ जना सामाजिक परिचालक रहेकोमा उनीहरुको तलब तथा अन्य खर्च रु. २३,७७,८७५।०० खर्च भएको देखिन्छ । २०७४ पुष १६ देखि चैत्र १५ सम्मको सामाजिक परिचालकको तलब रु.५०४०००।०० वित्तिय समानीकरण तर्फ खर्च लेखेको देखिएको छ । तोकिएका शीर्षकमा विनियोजन भन्दा वढी खर्च गरेकोले नियमित गर्नुपर्ने रु.......... | ५०४०००.०० |
| १३. | **लगत** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा ध्यान दिनुपर्ने व्यहोरा उल्लेख छ । नगरपालिकाले शिक्षकहरुको दरवन्दी, अवकाश, मृत्यु र सरुवा भएका शिक्षकहरुको विवरण अद्यावधिक गरी लगत किताव खडा गरी नराखेकोले कार्यरत शिक्षकहरुको संख्या एकिन हुन सक्ने अवस्था देखिएन । विद्यालयले माग फाराम गरेको संख्याको आधारमा नगरपालिकाले निकासा दिएको छ । नगरपालिकामा रहेका सबै विद्यालयहरुको शिक्षक दरवन्दी एकिन गरेर मात्र नगरपालिकाले निकासा दिने तर्फ ध्यान दिनुपर्दछ । | |
| १४. | **वढी तलव**:आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न प्राविधिक कर्मचारीहरुलाई पहिलो चौमासिक तलव र दशैं खर्च रु.४,६७,३८०।०० भुक्तानी दिनुपर्नेमा रु.४,७३,४२०।०० भुक्तानी दिएको छ । वढी तलवभत्ता खर्च लेख्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु...... | ६०४०.०० |

| क.स | नाम,थर | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | वढी भुक्तानी |
|---|---|---|---|---|
| १. | प्रशिक्षक सन्दिप कर्ण | १७१२६९.०० | १७३७८४.०० | २५१५.०० |
| २. | प्रशिक्षक विकास त्रिपाठी | १५४०३३.०० | १५६३००.०० | २२६७.०० |
| ३. | प्रशिक्षक सुरज थारु | १४२०७८.०० | १४३३३६.०० | १२५८.०० |
| | **जम्मा** | **४६७३८०.००** | **४७३४२०.००** | **६०४०.००** |

| | | |
|---|---|---|
| १५. | **प्रमाण पेश**:आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नेपाल राष्टिय मा.वि परियापुरलाई दलित छात्रवृत्ति वितरण गर्न रु.३,१५,३२०।०० निकासा भएकोमा रु.२,८१,६२०।०० वितरण गरेको छ । विद्यालयले वाँकी रहेको रकम रु.३३,७००।०० हाल सम्म फिर्ता नगरेकोले कार्यालय प्रमुखलाई जिम्मेवार बनाई राजश्व दाखिला गर्नुपर्ने रु....... | ३३७००.०० |
| १६. | **सहभागी भत्ता** : गो.भौ.न.१६,मिति २०७४।०९।०५ अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०७३ को वुँदा ७.१.१६ मा सहभागीको आते जाते खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा वसको न्युनतम भाडा पाउने, सार्वजनिक यातायात नचल्ने स्थानको आतेजाते गरी दुई दिनसम्मको एकमुष्ट रु.२००।०० र सो भन्दा वढी जतिसुकै दिन भएपनि रु.५०० एकमुष्ट पाउने व्यवस्था छ । नगरपालिकाको अध्यक्ष, वडा सचिव एवं समाजीक परिचालकहरुको लागि उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रममा सहभागी ३८ जना लाई खाजा वापत रु.६६०० खर्च लेखिसकेपछि पुन भत्ता रु.५०० का दरले वित्तरण गर्दा रु.११४०० वढी खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु........... | ११४००.०० |

१७. **अनुगमन मूल्यांकन (२९।०७५।३।३२)** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ छ(२) मा नगरपालिकाको काम कर्तव्य र अधिकारमा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय प्रविधि र पूर्वाधार जन्य आयोजना तथा परियोजनाहरुको तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा संचालित तपसिलका कार्यक्रममा अनुगमन भनी ३५ पदाधिकारी तथा कर्मचारीले अनुगमन भत्ता रु.१०२०००।०० खर्च लेखेकोमा पूर्वाधार निमार्णको काममा कम अनुगमन गरिएको तर तालिम, गोष्ठी सेमिनार, अभिमुखीकरण कार्यक्रम तथा लक्षित समुहलाई वस्तु वितरण गरिने कार्यक्रममा वढी अनुगमन गरिएको, नगरपालिकामा प्रमुख स्वयं उपस्थितमा संचालित कार्यक्रममा कर्मचारीबाट अनुगमन गरिएको, पचासहजार भन्दा साना आयोजनामा समेत अनुगमन गरेको भनी खर्च लेखेको,केही कार्यक्रममा वाहेक अनुगमन गरिएका कार्यक्रमको अनुगमनबाट देखिएको कैफियत र सुधार गर्नुपर्ने विषयमा प्रतिवेदन पेश नगरिएको जस्ता कमजोरी देखिएका छन । अनुगमन कार्य संचालन गर्दा तोकिएको अनुगमन सयन्त्र, अनुगमन सम्बन्धी मापदण्ड, र अनुगमन भत्ता खर्च लेख्ने कानुनी आधारतयारगरेर मात्र खर्च लेखी नियन्त्रण गर्नुपर्दछ ।

१८.

| क्र.सं. | पदाधिकारीको नाम | भौचर नं.।मिति | अनुगमन गरेको कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | नगरप्रमुख मुक्तिनाथ यादव | ८५-२९७४।११।१० | सहभागितामुलक लेखाजोखा सिप तथा व्यवसायीक तालिम | १५००.०० |
| | | २६-२०७४।९।१७ | महिला वालवालिका सम्बन्धी आधारभुत तालिम | १५००.०० |
| | | १२४-२०७४।१२।२ | कृषक च्याउ खेति तालिम | १५००.०० |
| | | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | | २५८-२०७५।१।२६ | दलित महिला सशक्तिकरण | १०००.०० |
| | | २६१।२०७५।२।२५ | स्वास्थ्य सम्बन्धि जनचेतना | १०००.०० |
| | | ३०५-२०७५।२।९ | नेतृत्व विकास योजना तर्जूमा सम्बन्धि तालिम | १०००.०० |
| | | ३६७।२०७५।२।२७ | समजोडी अभिमुखिकरण | १५००.०० |
| | | ७९२।२०७५।०३।२६ | विउ उत्पादन कृषक तथा व्यापारी विच नगर स्तरीय अन्तरकृया | १०००.०० |
| २. | उपप्रमुख शुसिला गिरी | २६-२०७४।९।१७ | महिला वालवालिका सम्बन्धी आधारभुत तालिम | १५००.०० |
| | | ८५-२९७४।११।१० | सहभागितामुलक लेखाजोखा सिप तथा व्यवसायीक तालिम | १५००.०० |
| | | १६९-२०७४।१२।२५ | बेमौसमी तरकारी खेति तालिम | १०००.०० |
| | | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | | २५८-२०७५।१।२६ | दलित महिला सशक्तिकरण | १०००.०० |
| | | ३०५-२०७५।२।९ | नेतृत्व विकास योजना तर्जूमा सम्बन्धि तालिम | १०००.०० |
| | | ३४९।२०७५।२।२४ | मोटरसाईकल मर्मत सम्बन्धि तालिम | १०००.०० |
| | | ३६६।२०७५।२।२७ | नेतृत्व तथा संस्थागत विकास तालिम | १५००.०० |
| ३. | निरज शर्मा | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | | २५८-२०७५।१।२६ | दलित महिला सशक्तिकरण | १०००.०० |
| | | ३४९।२०७५।२।२४ | मोटरसाईकल मर्मत सम्बन्धि तालिम | १०००.०० |
| | | ३८८।२०७५।२।२९ | घरेलु हिंसा सम्बन्धी | १०००.०० |
| | | ४५६।२०७५।३।७ | कान उपचार शिविर | १०००.०० |
| | | ७५२।२०७५।०३।२४ | बालविवाह न्युनिकरण अभिमुखिकरण | १०००.०० |
| | | ६३९-२०७५।०३।२४ | कम्प्युटर तथा मोबाईल मर्मत तालिम | १०००.०० |
| ४. | मुकुन्द अर्याल | ८५-२९७४।११।१० | सहभागितामुलक लेखाजोखा सिप तथा व्यवसायीक तालिम२ पटक | ३०००.०० |
| | | १६२-२०७४।१२।१९ | वालविवाह न्युनिकरण कार्यक्रम | १५००.०० |
| | | १६९-२०७४।१२।२५ | बेमौसमी तरकारी खेति तालिम | १०००.०० |
| | | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | | २५८-२०७५।१।२६ | दलित महिला सशक्तिकरण | १०००.०० |
| | | ३०५-२०७५।२।९ | नेतृत्व विकास योजना तर्जूमा सम्बन्धि तालिम | १०००.०० |
| | | ३४९।२०७५।२।२४ | मोटरसाईकल मर्मत सम्बन्धि तालिम | १०००.०० |
| | | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | | ४५६।२०७५।३।७ | कान उपचार शिविर | १०००.०० |
| | | ६१९-२०७५।३।२२ | जेष्ठनागरिक सम्मान झुल वितरण तथा बालबलिकालाई पोषाक वितरण | १५००.०० |
| | | ६३९-२०७५।०३।२४ | कम्प्युटर तथा मोबाईल मर्मत तालिम | १०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६४२–२०७५।०३।२४ | बालविवाह न्युनिकरण अभिमुखिकरण | १०००.०० |
| | ५. | कपिल घिमिरे | ३४९।२०७५।२।२४ | मोटरसाईकल मर्मत सम्बन्धि तालिम | १०००.०० |
| | | | ४५६।२०७५।३।७ | कान उपचार शिविर | १०००.०० |
| | | | ६३९-२०७५।०३।२४ | कम्प्युटर तथा मोबाईल मर्मत तालिम | २०००.०० |
| | | | ६४२–२०७५।०३।२४ | बालविवाह न्युनिकरण अभिमुखिकरण | १०००.०० |
| | ६. | रामचन्द्र पौडेल | ८५-२९७४।११।१० | सहभागितामुलक लेखाजोखा सिप तथा व्यवसायीक तालिम | ३०००.०० |
| | | | १२४-२०७४।१२।२ | कृषक च्याउ खेति तालिम | १५००.०० |
| | | | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | | | ४५६।२०७५।३।७ | कान उपचार शिविर | १०००.०० |
| | | | ६१९-२०७५।३।२२ | जेष्ठनागरिक सम्मान झुल वितरण तथा बालबलिकालाई पोषाक वितरण | १५००.०० |
| | | | ६३९-२०७५।०३।२४ | कम्प्युटर तथा मोबाईल मर्मत तालिम | १०००.०० |
| | | | ७९२।२०७५।२६ | विउ उत्पादन कृषक तथा व्यापारी विच नगर स्तरीय अन्तरकृया | १०००.०० |
| | | | ६५२।२०७५।०३।२४ | बालविवाह न्युनिकरण अभिमुखिकरण | १०००.०० |
| | ७. | रेखा राईन भुसाल | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | ८. | शान्ता परियार | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | ९. | ज्योति पन्थी | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | | | ६३९-२०७५।०३।२४ | कम्प्युटर तथा मोबाईल मर्मत तालिम २ पटक | २०००.०० |
| | १०. | रिता दुवाडी | १६२-२०७४।१२।१९ | वालविवाह न्युनिकरण कार्यक्रम | १५००.०० |
| | | | २५४-२०७५।१।२६ | अचार दालमोठ बनाउने संबन्धी | १०००.०० |
| | ११. | हरि प्रसाद पासी | ३६१।२०७५।२।२५ | महिला तथा वालवालिका स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम २ पटक | २०००.०० |
| | १२. | धना चौधरी | ३६१।२०७५।२।२५ | महिला तथा वालवालिका स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | १०००.०० |
| | १३. | विनिता देवकोटा | ३६१।२०७५।२।२५ | महिला तथा वालवालिका स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | १०००.०० |
| | १४. | सुर्यबहादुर सुनार | ३६१।२०७५।२।२५ | महिला तथा वालवालिका स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | १०००.०० |
| | १५. | रामचन्द्र अहिर | ३६१।२०७५।२।२५ | महिला तथा वालवालिका स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | १०००.०० |
| | १६. | शान्ता परियार | ३८८।२०७५।२।२९ | घरेलु हिंसा सम्बन्धी | १०००.०० |
| | १७. | ध्रुवराज गौतम | ४५६।२०७५।३।७ | कान उपचार शिविर | १५००.०० |
| | | | ८५-२९७४।११।१० | सहभागितामुलक लेखाजोखा सिप तथा व्यवसायीक तालिम | १०००.०० |
| | | | ६१९-२०७५।३।२२ | जेष्ठनागरिक सम्मान झुल वितरण तथा बालबलिकालाई पोषाक वितरण | १५००.०० |
| | १८. | गिता बस्नेत | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | १९. | आशादेवी पौडेल | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | २०. | रामकुमारी चौधरी | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | | | ६३९-२०७५।०३।२४ | कम्प्युटर तथा मोबाईल मर्मत तालिम | १०००.०० |
| | २१. | धर्मेन्द्रकुमार बानिया | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | २२. | धर्मेन्द्रकुमार बानिया | १६२-२०७४।१२।१९ | वालविवाह न्युनिकरण कार्यक्रम | १५००.०० |
| | २३. | लुना आचार्य | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | २४. | प्रमिला शाही | ४०८।२०७५।३।३ | बुहारी पनि छोरी जस्तै भन्ने चेतना सम्बन्धि तालिम | १०००.०० |
| | २५. | रामबहादुर रावल | ४४५।२०७५।३।६ | युवाहरुमा मुडा तथा कुर्सि बनाउने तालिम २ पटक | २०००.०० |
| | २६. | घनश्याम अधिकारी | ४४५।२०७५।३।६ | युवाहरुमा मुडा तथा कुर्सि बनाउने तालिम २ पटक | २०००.०० |
| | २७. | धनबहादुर थारू | ४४५।२०७५।३।६ | युवाहरुमा मुडा तथा कुर्सि बनाउने तालिम | १०००.०० |
| | २८. | शुभकान्त आचार्य | ३६७।२०७५।२।२७ | समजोडी अभिमुखिकरण | १५००.०० |
| | २९. | शिला शाह | ८५-२९७४।११।१० | सहभागितामुलक लेखाजोखा सिप तथा व्यवसायीक तालिम २ पटक | ३०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ३०. | टंकप्रसाद अधिकारी | ५६३-२०७५।०३।२० | व्यवसायीक तरकारी खेति तालिम | १०००.०० |
| ३१. | वेवारी यादव | ५६३-२०७५।०३।२० | व्यवसायीक तरकारी खेति तालिम | १०००.०० |
| ३२. | केशव बुढा | ५६३-२०७५।०३।२० | व्यवसायीक तरकारी खेति तालिम | १०००.०० |
| ३३. | छविलाल ज्ञावली | ५६३-२०७५।०३।२० | व्यवसायीक तरकारी खेति तालिम | १०००.०० |
| ३४. | थिरनाथ कडेल | ७६२-२०७५।३।२६ | कम्प्युटर आधारभुत तालिम २ पटक | २०००.०० |
| ३५. | राजकुमार थारु | ७६२-२०७५।३।२६ | कम्प्युटर आधारभुत तालिम | १०००.०० |
| | | | **कुल जम्मा** | १,०८,०००.०० |

१९. **उपभोक्ता समिति** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैंयासम्मको काम उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । नगरपालिकाको अधिकांश वडाहरुमा छुट्टाएको वजेटबाट सस्साना टुक्रा सडक ग्राभेल तथा माटो पटानको काम उपभोक्ता समिति मार्फत गराएको छ । यस सम्बन्धमादेखिएका व्यहोराहरु देहाय अनुसार छन :-

- उपनियम ७ बमोजिम उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र उपभोक्ता भेलाबाट खर्चको सार्वजनिकरण केही मात्रामा गरेपनि व्यवस्थित रुपमा श्रमिक संख्या, मालसामानको विवरण, मूल्य आदि खुलाई तयार नगरेको,
- उपभोक्तासमितिबाट भएका आयोजनामा आयोजना स्थलमा कार्यक्रमको जानकारी दिने होडिङ्गवोर्ड राख्ने नगरेको,
- योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याईं गर्नुपर्नेमा निर्माण कार्य शुरु हुनु पूर्वको फोटोहरु कुनै पनि योजनामा सामेल नभएको, निर्माण भएको र निर्माण सम्पन्न अवस्थाको केहि योजनामा फोटोहरु सामेल भएपनि अधिकांशमा भएको देखिएन । खर्चको पुष्ट्याईंका लागि उक्त प्रमाण आवश्यक हुने हुँदा सो सामेल गरी खर्च गर्नुपर्दछ ।
- उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त अनुदान रकम र जनश्रमदानबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत पुरै खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेमा उपभोक्ता समितिले प्राविधिकबाट जाँचपास गराएपनि खर्चलाई प्रमाणित हुने गरी पूर्णरुपमा जनसहभागिता अंशको वील भरपाई व्यवस्थित नगरेको ।
- योजना कितावमा चाहिले व्यवस्थित व्यहोरा खुलाई तयार नगरेको र मस्टरोलमा कामदारको तीनपुस्ते खुल्ने विवरण नराखि कामदारको नामनामेसी मात्र राखेको ।
- उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेवि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको ।

लागत अनुमान तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयर उपभोक्ता समितिबाट गर्ने कार्य र रकम खुलाई तयार नगरी एकमुष्ट रुपमा तयार गरी अनुपातिक आधारमा कार्यालय अंश र जनसहभागिता अंश खुलाउने गरेकोले छुट्टाछुट्टै खुलाई तयार गर्नुपर्दछ ।

| गो.भौ.न.।मिति | उपभोक्ता समिति | अनुदान रकम |
|---|---|---|
| १०९/०७४/१२/०२ | मनकामना टोल उपभोक्ता समिति वडा नं. ४ | ४०००००.०० |
| १३४/०७४/१२/०६ | राम सडक ग्राभेल उपभोक्ता समिति वडा नं. ८ | ९७४४७.०० |
| १३५/०७४/१२/०६ | राम सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ८ | २०००००.०० |
| १४०/०७४/१२/०७ | ग्राभेल सडक निमार्ण उ.स. वडा नं. ०५ | ५०००००.०० |
| १४५/०७४/१२/१२ | वालापुर सडक ग्राभेल उ.स.वडा नं. ०५ | ५०००००.०० |
| १४९/०७४/१२/१२ | वनकट सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०३ | ३९४४५५.०० |
| १५२/०७४/१२/१६ | नारायण सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०८ | २५००००.०० |
| १७०/०७४/१२/२६ | विकासशिल सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०८ | १४१९२४.०० |
| १७१/०७४/१२/२६ | शकरवस्ती सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०१ | ५०००००.०० |
| २०२/०७५/०१/०२ | सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०४ | २०००००.०० |

| | | |
|---|---|---|
| २०४/०७५/०१/०४ | धुव्र मा.वि.सडक ग्राभेल उपभोक्ता समितिवडा नं.०४ | ५०००००.०० |
| २१२/०७५/०१/०७ | मिलनटोल सडक ग्राभेल उपभोक्ता समितिवडा नं.०५ | ५०००००.०० |
| २३९/०७४/०१/२३ | सडक ग्राभेल उपभोक्ता समिति | ८५००००.०० |
| २६४/०७४/०१/२७ | थपुवा सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०८ | ४०००००.०० |
| २७०/०७४/०१/३० | शान्ति तथा सम्झना टोल उपभोक्ता समितिवडा नं. ०५ | १०४८७२५.०० |
| २७४/०७४/०१/३१ | भुइयान थान सडक ग्राभेल उपभोक्ता समितिवडा नं. १० | २५००००.०० |
| २७७/०७४/०१/३१ | कादिर बाबा सडक ग्राभेल उपभोक्ता समितिवडा नं. ०२ | ६०००००.०० |
| २८५/०७४/०२/०२ | मिलन टोल विकास समितिवडा नं. ०५ | ६५६०००.०० |
| ३३४/०७५/०२/२२ | सडक ग्राभेल उपभोक्ता समिति चौधरीघरवडा नं. ०१ | ३०००००.०० |
| ३३६/०७५/०२/२० | त्रिवेणी टोल विकास संस्थावडा नं. ०४ | ५९३०४९.०० |
| ३३८/०७५/०२/२२ | माटो पटान तथा ग्राभेल उपभोक्ता समितिवडा नं. १२ | ५०००००.०० |
| ३८१/२०७५/०२/२८ | प्रयागपुर कालाबंजर सडक उ.स.वडा नं. १० | ७०००००.०० |
| ४१३/२०७५/०३/०४ | सडक निमार्ण उपभोक्ता समितिवडा नं. ०६ | ८०००००.०० |

२०. **सोझै खरिद :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु. ३ लाखसम्मको मालसामान सोझै खरिद गर्न सकिने तथा नियम ८५(१ख) एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । नियम ८ अनुसार वार्षिक खरिद योजना बनाई सो अनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान गरी खरिद कार्य गर्नुपर्नेमाहयुमपाइप खरिद गर्दा सिधै खरिद र एउटै आपूर्तकसंग पनि पटक पटक खरिद गरेको पाइयो । टेण्डर प्रक्रियाबाट प्रतिस्पर्धात्मक मुल्यमा खरिद गर्ने सकिनेमा वडा कार्यालय मार्फत टुक्रा पारी रु. ४७४३९१४।८० खरिद गरेको छ । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु.......... ४७४३९१४.८०

| भौ.नं. र मिति | सप्लायर्स | रकम | वडा नं. |
|---|---|---|---|
| २८२/०७५/०२/०१ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४८९३८३.०० | ०१ |
| ३२५/०७५/०२/२० | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४८९३८३.०० | ०३ |
| ३८९/०७५/०२/२९ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | २४९१४८.८० | ०३ |
| ४४४/०७५/०३/०६ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | १४९९५१.०० | ०७ |
| ५२४/०७५/०३/१७ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४५०३८९.७५ | |
| ५३०/०७५/०३/१८ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४९९४६०.०० | ०४ |
| ६८१/०७५/०३/१५ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४९९७४२.५० | ०५ |
| ८३१/०७५/०३/३१ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४९८८८३.७५ | १० |
| ८५२/०७५/०३/३१ | संगम कंक्रिट उत्पादन प्रा.लि (३०००२४७११) | ४८२८९९.०० | |
| ८३२/०७५/०३/३१ | न्यु वर्दिया सप्लायर्स | ४९६२९६.०० | १० |
| ५३६/०७५/०३/१८ | न्यु वर्दिया सप्लायर्स | ४३८३७८.०० | |
| | **जम्मा** | **४७४३९१४.८** | |

२१. **गैरसरकारी संस्था प्रतिस्पर्धा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा भएको व्यवस्था अनुसार गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितकोकार्य क्षेत्रगत शर्त र अनुमान तयार गर्नुपर्ने र उपनियम (२) मा त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका र नियम १८ बमोजिम मौजुदा सुचिका समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने लगायतका प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उल्लिखित प्रक्रिया पूरा नगरी सिधै सम्बन्धित संस्थाको आशयपत्र संलग्न गरी तोक आदेशको आधारमा निम्नानुसार संस्था/व्यक्तिहरुलाई रु. ५४२,०००।०० भुक्तानीदिएको छ । सम्पादित कामहरुको प्रगति विवरण तयार गरेको छैन । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई प्रतिस्पर्धात्मक तवरले कार्यक्रम संचालन गर्नुपर्दछ ।

| गो.भौ.न.।मिति | कार्यक्रमको नाम | भुक्तानी लिने गै.स.स.को नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४०७/०७५/०३/०३ | दलित वर्गका लागि उद्यमशिलता तालिम | फेश नेपाल | २०००००.०० |
| ५१५/०७५/०३/१५ | विपन्न वर्गका लागि तालिक | विकासका लागि हाम्रो प्रयास | ५०००००.०० |
| ६९०/०७५/०३/२५ | वालमैत्री शाषन तथा वालक्लव गठन | सृजनशील युनेस्को संघ | ६०००००.०० |
| ७९३/०७५/०३/२५ | वाढी पुर्व सूचना नाटक प्रर्दशन | संतरगी मञ्च गुलेरिया | ३०००००.०० |
